# सैनिक नयाँ भर्ना नियमहरू, २०१९

**नेपाल राजपत्रमा प्रकाशित मिति**

२०१९।८।४

संशोधन

| | | |
|---|---|---|
| १. | सैनिक नयाँ भर्ना (प्रथम संशोधन) नियमहरू, २०२२ | २०२२।११।३ |
| २. | सैनिक नयाँ भर्ना (दोस्रो संशोधन) नियमहरु, २०५८ | २०५८।७।२० |

नेपाली सेनाका अधिकृत जवानको नयाँ भर्ना लिने तरीका तथा नियमलाई नियमित तथा व्यवहारिक बनाउन वाञ्छनीय भएकाले,

√सैनिक ऐन, २०१६ को दफा १६५ ले दिएको अधिकार प्रयोग गरी सोही ऐनको दफा ११ र १३ को तात्पर्य पूरा गर्ने उद्देश्यले नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम " सैनिक नयाँ भर्ना नियमहरू, २०१९" रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यी नियमहरूमा -

(क) "अधिकृत जवान" भन्नाले√ सैनिक ऐन, २०१६ लागू हुने जुनसुकै व्यक्ति सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले√ सैनिक ऐन, २०१६ सम्झनु पर्छ ।

(ग) "अनुसूची" भन्नाले यी नियमहरूको अनुसूची सम्झनु पर्छ ।

√ हाल सैनिक ऐन, २०६३ लागू रहेको ।
√ हाल सैनिक ऐन, २०६३ लागू रहेको ।
√ हाल सैनिक ऐन, २०६३ लागू रहेको ।



नेपाल कानून आयोग

३. **प्रवर तथा भर्ना समिति:** नेपाली सेनामा भर्ना हुन चाहने जवानहरूलाई छानवीन तथा नियुक्ति गर्न निम्न लेखिए बमोजिमको एक बोर्ड गठन हुनेछ र योग्य उम्मेदवारहरूलाई सोही बार्डले नियुक्ति गर्नेछ ।

| | | |
|---|---|---|
| (१) | एडजुटेंट जनरलले खटाएको अधिकृत | -अध्यक्ष |
| (२) | नयाँ भर्ना लिन नियुक्ति गरिएको अधिकृत | -सदस्य |
| (३) | युनिट, सवयुनिट वा ट्रेनिङ्ग सेन्टरका अधिकृत कमाण्डिङ्ग | -सदस्य |
| (४) | मेडिकल अधिकृत | -सदस्य |
| (५) | जङ्गी किताबखानाका हाकिम वा प्रतिनिधि | -सदस्य-सचिव |

४. **योग्यता :** नेपाली सेनामा भर्ना हुन चाहने अधिकृत जवानहरू देहाय बमोजिम योग्यता पुगेको हुनुपर्छ :-

(क) नेपाली नागरिक,

∀(ख) दरखास्त दिने मितिको अन्तिम दिनमा १८ वर्ष पूर भई २२ वर्ष ननाघेको,

तर विदेशी सेनामा नोकरी गरी बात कसूर नलागी छाडी आएका भए सक्कल प्रमाणपत्रको आधारमा ३५ वर्ष ननाघेको नेपाली नागरिकलाई पनि लिन सकिनेछ ।

(ग) अस्पताल जाँचबाट योग्य ठहरिएको, र

(घ) कुनै पनि राजनीतिमा नलागेको ।

५. **भर्ना झिकी नियुक्ति गर्ने अधिकृतहरू** : ऐनको दफा ११ र दफा १३ को तात्पर्यको लागि देहायका अधिकृतहरू भर्ना र नियुक्ति अधिकृतहरू हुनेछन् :-

(क) युनिट, सव-युनिट वा ट्रेनिङ्ग सेन्टरका अधिकृत कम्याण्डिङ्ग,

(ख) रिक्रुट झिक्न नियुक्ति भएका अधिृकत वा उपशापक अधिकृत, र

(ग) एडजुटेण्ट जनरलले खटाएको अधिकृतहरू ।

---

∀ दोस्रो संशोधनद्वारा संशोधित ।



नेपाल कानून आयोग

६. **रिक्रुट झिक्ने तरीका** : रिक्रुट झिक्दा रिक्रुट झिक्नेले देहायको तरीका अपनाउनु पर्दछ :-

(क) नयाँ रिक्रुटहरू भर्ना गर्दा गैर खाली भएको बात लागी भर्ना हुन आएकोमा भर्ना नगर्ने त्यस्ता व्यक्तिले झुक्याई भर्ना भएमा भर्ना भएको मितिले ऐन बमोजिम कैदको सजायको भागी हुनेछ ।

(ख) भर्ना झिकिएका रिक्रुटहरू अस्पताल जाँच गराउँदा सरकारी अस्पताल भएको ठाउँमा अस्पताल जाँचबाट ठीक ठरहेमा र सो नभई डाक्टर मात्र भएको ठाउँमा डाक्टर एक, मिलिटरी अधिकृत एक र [∀]जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि एक समेतको बोर्डबाट ठीक ठहरेमा र डाक्टर पनि नभएको ठाउँमा मिलिटरी अधिकृत कम्तीमा २ जना र [∀]जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि एक समेत रही तन्दुरुस्तीका बुँदा तयार पारी जाँची ठीक ठहरेमा मात्र भर्ना झिक्ने ।

[•](ग) भर्ना हुन आउने जवानले नाम, थर, वतन र तीन पुस्ते नाम समेत खुलेको आफ्नो [∀]गाउँ विकास समिति वा नगरपालिकाबाट परिचय पत्र ल्याएमा वा जंगी तर्फ भए बहालवाला सुबेदार, जमादार वा अधिकृत, निजामतीमा भए बहालवाला राजपत्रांकित अधिकृत एकजना, सो नभए त्यसदेखि मुनी जङ्गिका र निजामतीका बहालवाला राजपत्र अनङ्कित तृतीय श्रेणीका दुई जना मानिसले सो जवानको नाम, थर, वतन ठीक छ भन्ने गरी दिएका कागजको जमानी लिई मात्र भर्ना गर्ने । साक्षी बस्ने व्यक्ति बहाल रहेको प्रमाणको निमित्त जंगी तर्फ अधिकृतको परिचयपत्र र सो देखि मुनिकालाई पे-बुक र निजामती तर्फ भए आफू बहाल रहेको अड्डाको निस्सा लिई साक्षीको सहिछाप गराउने ।

[×](घ) [∀]गाउँ विकास समिति वा नगरपालिकाबाट दिइएको परिचयपत्र वा भर्ना हुन आउने मानिसको साक्षी केही कारणले झुट्ठा ठहरिन आएमा सो भर्ना हुने जवान र साक्षी बस्ने मानिस ऐन सवाल बमोजिम सजायको भागी हुने ।

---

∀ दोस्रो संशोधनद्वारा संशोधित ।
∀ दोस्रो संशोधनद्वारा संशोधित ।
• सैनिक नयाँ भर्ना संशोधन नियमहरु, २०२२ संशोधनद्वारा संशोधित ।
∀ दोस्रो संशोधनद्वारा संशोधित ।
× पहिलो संशोधनद्वारा संशोधित ।
∀ दोस्रो संशोधनद्वारा संशोधित ।

[ℵ](ङ) भर्ना हुन आउने जवानले [∀]गाउँ विकास समिति वा नगरपालिकाबाट दिएको परिचयपत्र साथमा नलिई आएमा अस्पताल जाँचबाट पास भएपछि साक्षी ल्याउन ७ दिनको म्याद दिने र सो म्यादभित्रै साक्षी ल्याएमा अघिकै मितिको भर्ना सदर मान्ने । सो म्यादभित्र साक्षी ल्याउन नसकी पछि मात्र साक्षी वा परिचयपत्र लिई आएमा जुन मितिमा लिई आउँछ सोही मितिमा भर्ना सदर गर्ने ।

(च) नयाँ रिक्रुटहरू भर्ना झिक्दा १८ वर्षदेखि [∀]२२ वर्षसम्मका र नेपाली नागरिकहरू, विदेशी पल्टन जागीरे भई आएका जावन चाहिने प्रमाणपत्र हेरी खतबात नलागेको रहेछ भने ३५ वर्ष ननाघेको त्यस्तो व्यक्तिलाई पनि भर्ना लिने ।

(छ) नयाँ रिक्रुटहरू झिक्दा देहाय बमोजिमको उचाई र छातीको घेराको चौडाई ३२ इञ्चीदेखि मुनिकोलाई नझिक्ने ।

| युनिट | | फुट | इञ्च |
|---|---|---|---|
| १. | श्री काली बहादुर | ५ | ३॥ |
| २. | श्री गोरखबहादुर | ५ | ४ |
| ३. | श्रीफष्ट राइफल | ५ | ५ |
| ४. | श्री माउण्टन व्याट्री | ५ | ५ |
| ५. | श्री महीन्द्र दल | ५ | ४ |
| ६. | बाँकी अरू | ५ | ३ |

७. कालिगड र कम्ब्याटयाण्ट, नायक र एस. एल. सी. वा सो सरह पास भएको नायक क्लर्कलाई इञ्च फुट नहाल्ने ।

(ज) उचाई र चौडाई भर्ना झिक्ने अधिकृतले नै हाल्ने ।

नेपाल कानून आयोग

∀ दोस्रो संशोधनद्वारा संशोधित ।
∀ दोस्रो संशोधनद्वारा संशोधित ।

७. **भर्ना सदर गर्ने** : नियम ७ को (क), (ख) र (ग) बमोजिम भर्ना झिक्न अधिकार पाएका अधिकृतहरूले रुल नियम बमोजिम भर्ना झिकी  क. कि. बाट प्राप्त भएको सिटरोलमा र अनुसूचीमा दिइएको ढाँचा बमोजिमको शर्तको फाराममा समेत सहीछाप गराई धर्म भकाई उक्त कागजपत्रहरू क. कि. खानामा किताब दर्ता गर्न पठाइनेछ र क. कि. खानाले उक्त कागजपत्रहरू रुल नियम बमोजिम ठीक छ छैन जाँची किताब दर्ता गर्नेछ । भर्ना हुने जवानको घर थर वतनमा फरक परेमा एक पटक फेरि बुझी फरक पर्न आएमा बर्खास्ति गर्ना निमित्त माथिको तहमा जनाउ दिनेछ । मामूली छुटपुट मात्र भई नमिलेमा फिर्ता पठाई रुल नियम बमोजिम गर्न लाउनेछ । सिटरोल र शर्तको फाराम क. कि. खानामा पठाउँदा उपत्यकाले ७ दिनभित्र र उपत्यका बाहिरकाले बाटो म्याद बाहेक ७ दिनभित्र पठाउनु पर्छ र क. कि. खानाले नियुक्ति भएको जनाउ दिनेछ ।

८. **भर्ना हुन नपाउने भर्ना भएमा गर्ने** : नियम ६ को खण्ड (क) बमोजिम मानिसहरूले झुक्याई भर्ना भै युनिट, सव-युनिटमा गएका रहेछन् र त्यस्ता व्यक्तिलाई भर्ना भएको युनिट, सव-युनिटका कुनै व्यक्तिले थाहा पाइकन पनि प्रतिवेदन नगरेमा त्यस्ता व्यक्ति ऐन बमोजिम सजायको भागी हुनेछन् ।

९. **भर्ना बदर हुने** : (क)  नेपाली सेनामा भर्ना भइसकेपछि भर्ना भएको व्यक्ति नेपाली नागरिक नभएको र राजनीतिमा लागेको भनी पछि ठहरिन आएमा जुनसुकै बखत पनि निजको भर्ना बदर हुनेछ ।

(ख) नेपाली सेनामा भर्ना गरिएका रिक्रुटहरूलाई १ एक वर्षसम्म रिक्रुट ट्रेनिङ्ग गराउँदा पनि नियमित स्तरमा पास हुन नसक्ने रिक्रुटहरूलाई खारिज गरिनेछ ।

---

टिप्पणी : केही नेपाल कानुन (संशोधन) ऐन, २०२४ द्वारा “अफिसर”, “गजेटेड” “नन्‌गजेटेड”, “रिपोर्ट” को सट्टा “अधिकृत”, “राजपत्रांकित”, “राजपत्र अनंकित” र “प्रतिवेदन” तथा स्थानीय प्रशासन ऐन, २०२२ द्वारा “गोश्वाराको” सट्टा “अञ्चलाधीशको कार्यालय” तथा सैनिक (तेस्रो संशोधन) ऐन, २०४० द्वारा “ सेनाको” सट्टा “ नेपाली सेना” राखी रुपान्तर गरिएको छ ।





नेपाल कानून आयोग

अनुसूची

**पुनः संशोधित नोकरीको कबुलनामा (शर्त)  नेपाली सेना**

म, युनिट ................ नं. दर्जा नाम थर बतनले देहायमा लेखिएको पुनः संशोधित कबुलनामा (शर्त) आफ्नो मनोमानी खुशी राजीले सकार गर्दछु :-

१. श्री ५ महाराजाधिराजबाट बक्सेको जागिर खाई ठेकी बक्सेका पल्टनमा सैनिक ऐन बमोजिम दस्तूर कायदासंग रही उर्दी कवायद गरुँला ।

२. मुलुक सम्बन्धी लडाईको काम र केही आन्दोलन परिआएमा आफ्नो जन्मभूमि सम्झी तन मन दिई हुकूम्बक्से बमोजिम हाजिर रही ज्यान दिनमा कबूल छ । सो बमोजिम गरुँला ।

३. श्री ५ महाराजाधिराजका हुकूम बमोजिम जुन बेला जहाँ खटियुंला खटिएका जग्गामा गई हुकूम बमोजिम दिलोज्यान दिइ गरुँला ।

४. श्री ५ महाराजाधिराजका गाथ गादिको सोझो गरुँला, कसैले गाथ गादिमा खलल गर्ने मतलव गर्न लागेको देखे सुने मतलव गर्ने मानिसलाई पक्री र पक्रन नसके सो सुनेको तुरुन्तै जाहेर गरुँला गाथ गादिमा खलल गरेको भए त्यस्तालाई भरसक पक्री दाखिल गरुँला पक्रन सके आफ्नो ज्यान रगत भिजाइकन पनि त्यस्तो हुल्याहालाई मारी निमकको सोझो गरुँला ।

५. नोकरी बक्सी कबूल गरेपछि नोकरी पाएका मितिले १० वर्ष नपुगी नोकरी छाडने छैन । सो म्याद पुगी छाडी जानेहरूले ठूलो सन्धिसर्पन परेमा जाहेर गरी छाड्न पाए पनि त्यस्ता जवानहरूले समेत पछि उर्दी भएमा नोकरीमा बस्न पाउने उमेरको हदसम्मका जवानहरूले उर्दी भएका बखतमा हाजिर हुन आउने छौं ।

६. भर्ना भएको मितिले १२ महीना नपुगी घर बिदा पनि लिने छैन ।

मेरा उपस्थितिमा सहीछाप भयो भनी दस्तखत गर्ने :

सहीछाप गर्ने

मेजर वा कप्तान

ओ. सी. कम्पनी युनिट

धर्म भाकी शपथ ग्रहण

निसानः छुवाउने

युनिट नं. नाम शपथग्रहण गर्ने सेरिमोनियल परेड गते सालमा भएको बेलामा सो धर्म भाकी सहीछाप गर्ने

ओ. सी. ले. क. वा मेजर

युनिट कमाण्डर